# रुरुक्षेत्र गाउँपालिकाको आ.व.२०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका सभासद् तथा राष्ट्रसेवक कर्मचारी मित्रहरु,**

गरिमामय आठौं गाउँसभाको अवसरमा लोकतन्त्र तथा गणतन्त्रको साथै राष्ट्र, राष्ट्रियता र जनजीविकाका लागि आत्मोत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । २०७६/०७/२३ मा दिवंगत हुनुभएका कार्यपालिकाका सदस्य स्व. धनबहादुर नेपालीको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्न चाहन्छु । साथै कोराना भाइरस (कोभिड– १९) महामारीबाट संक्रमित व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । महामारीको कारणले देश विदेशमा दिवंगत हुनुभएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । मृतकका परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।

हामीले तीनवटा आर्थिक वर्षका नीति तथा कार्यक्रम र सोही अनुसार बजेट विनियोजन गरी कार्यान्वयन समेत गरसिकेका छौं । र अब हामीले चौथो वर्षका लागि नीति तथा कार्यक्रम निर्माण गरेका छौं । हामीले कार्य सम्पादन गर्ने क्रममा पहिलो वर्ष संघ तथा प्रदेशको निर्वाचनले केही समय त्यसतर्फ लाग्दा नियमित काममा वाधा पुग्यो भने दोस्रो र तेस्रो वर्षसम्म कर्मचारी दरवन्दीले पूर्णता प्राप्त गर्न सकेन । २०७६ सालको मध्य पछि विश्वव्यापी रुपमा आएको कोरोना भाइरस (कोभिड–१९) ले आर्थिक वर्ष २०७६/०७७ को कार्यक्रम कार्यान्वयनमा निकै असर पऱ्यो । २०७६ चैत्र ११ देखिको देशव्यापी लकडाउनले आर्थिक वर्षको अन्तिम चौमासिक अवधिका विकास निर्माण योजनाहरु प्रभावित भए र विकास निर्माणका लागि विनियोजित गरिएको ठूलो धनराशी कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि खर्चिनु पऱ्यो ।

गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा हालसम्म रु. १ करोड ९ लाख ६७ हजार पाँच सय तीन जम्मा भएको छ । यसमा गाउँपालिकाबाट ९४ लाख ५० हजार, प्रदेश सरकारबाट १० लाख, विभिन्न संघ संस्थाहरुबाट ३ लाख ८२ हजार छसय अठचालिस, कर्मचारीहरुबाट

१ लाख २९ हजार तीन सय, व्यक्तिगत सहयोग ५ हजार पाँचसय पचपन्न रहेको छ । बस्तुगत तर्फ ८४ हजार दुईसय बराबरको सहायता प्राप्त भएको छ । यसमा जनप्रतिनिधिहरुको १५ दिन बराबरको सुविधा रकम र विद्यालय शिक्षक तथा कर्मचारीहरुको सहयोग रकम प्राप्त हुने क्रममा रहेको छ ।

विपद् व्यवस्थापन कोषबाट हाल सम्म जम्मा रु. १९ लाख ८४ हजार तीन सय अठतीस खर्च भएको छ । जसमा राहत वितरण तर्फ ८ लाख ५६ हजार चार सय चौरासी, औषधी खरिद, रिडी हेल्थडेस्क व्यवस्थापन र रिडी क्वारेन्टीन व्यवस्थापनमा पाँच लाख, क्वारेन्टीन व्यवस्थापन, खाना, खाजा, गाडिभाडा समेत ६ लाख २७ हजार आठसय चौवन्न खर्च भई ८९ लाख ८३ हजार एकसय पैसठ्ठी बैंक मौज्दात रहेको छ । क्वारेन्टीन व्यवस्थापन र खाना, खाजा खर्चको बिल भरपाई आउने क्रम जारी छ ।

गाउँपालिकाबाट कोरोना भाइरसको संक्रमण रोकथामको लागि २०७६ चैत्र ७ गते देखि रिडी बसपार्कमा हेल्थडेस्क स्थापना गरी सेवा संचालन गरिएको थियो । गाउँपालिकामा हालसम्म विभिन्न वडाहरुमा रहेका २० वटा क्वारेन्टीनहरुमा जम्मा ३७३ वेड तयार गरिएको छ । भारत तथा तेस्रो मुलुक र अन्य संक्रमित स्थानहरुबाट आएका ३५२ जना क्वारेन्टीनमा बसिसकेका छन् । अहिले पनि १८० जना क्वारेन्टीनमा रहेका छन् भने १८२ जना क्वारेन्टीनबाट घर होम क्वारेन्टीनमा गएका छन् । भारत तथा तेस्रो मुलुकबाट व्यक्तिहरु आउने क्रम जारी छ । २२६ जनाको RDT परीक्षण गरिएकोमा १९२ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने ३४ जनाको रिर्पोट पोजेटिभ आएको छ । RDT पोजेटिभ देखिएका र कन्ट्याक्ट ट्रेसिङ समेत गरी जम्मा ७३ जनाको स्वाव संकलन गरी PCR परीक्षणको लागि भैरहवा प्रादेशिक प्रयोगशालामा पठाइएकोमा २२ जनाको रिपोर्ट नेगेटिभ आएको छ । ४८ जनाको रिपोर्ट आउन बाँकी छ भने ४ जनाको रिपोर्ट पोजेटिभ आएको छ । यसबाट आजसम्म यस गाउँपालिकामा जम्मा ४ जना व्यक्तिहरु कोरोना भाइरसबाट संक्रमित हुनुभएको छ । संक्रमित ४ जना मध्ये ३ जना रिडीमा तयार गरिएको

आइसोलेसनमा रहेका छन् भने १ जना लुम्विनी मेडिकल कलेज पाल्पामा उपचार गरी निको भएर घर आइसक्नु भएको छ ।

माथि उल्लेख गरिएका वाधा व्यवधानहरु हुंदा हुंदै पनि विगत ३ वर्षमा गाउँपालिकामा उल्लेखनीय कार्यहरु भएका छन् । गाउँपालिकामा रहेका ४२७६ घरपरिवार मध्ये करिव २२०० घरमा खानेपानीको धारा पुगेको छ । वडा कार्यालय देखि गाउँपालिका जोड्ने लामो दुरीका सडकहरुको स्तर विकास हुनुको साथै गाउँपालिका भित्रका प्रत्येक टोल र वस्तीहरुलाई सडक सञ्जालले जोडिएको छ । खरको छाना भएका घरहरु जस्तापाताले छाउने काम सम्पन्न हुने चरणमा पुगेको छ । शिक्षाको स्तर विकासका लागि गाउँपालिका स्तरीय परीक्षा संचालन, अतिरिक्त क्रियाकलाप, न्यून दरवन्दीका कारण समस्यामा परेका विद्यालयहरुलाई PCF अनुदान, स्थानीय पाठ्यक्रम निर्माणको तयारी, सिकाई उपलब्धीको बारेमा सामूहिक छलफल र अन्तरक्रिया गरी हरेक वर्ष सिकाई उपलब्धीको मापन लगायतका कार्यहरु गरिएको छ ।

रिडी प्राथमिक स्वास्थ्य केन्द्रमा एनलाइजर मेशिन, भिडियो एक्स रे आदि मेशिन उपकरणको व्यवस्था गरी सेवा विस्तार गरिएको छ । स्वास्थ्य चौकीमा ल्याव र वर्थिङ सेन्टरहरु विस्तार गर्दै लगिएको छ । सुत्केरीलाई वर्थिङ सेन्टर सम्म जान निशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुनाको साथै गर्भवति महिलालाई आइरन चक्की र क्याल्सियम निशुल्क उपलब्ध गराइएको छ । प्रत्येक २ महिनामा सबै स्वास्थ्य चौकीमा ल्याव सहित डाक्टरहरुको घुम्ती सेवा उपलब्ध गराइएको छ आयुर्वेद तर्फ पंचकर्म पूर्वकर्मका उपकरणको प्रयोगबाट सेवा विस्तार गरिएको छ ।

कृषिक्षेत्रको विकासको लागि गुरुयोजना निर्माण गरिएको छ । कृषि उत्पादनका क्षेत्रहरु निर्धारण गरी ब्लक तथा पकेटहरु निर्माण गरिएको छ । कृषि औजार तथा यन्त्र उपकरणहरु वितरण गरिएको छ । व्यवसायिक ढंगले तरकारी, आलु, कफी, फलफूल, उखु, लिची उत्पादन गर्ने कृषकहरु र गाई, भैंसी, बाखा, कुखुरा, मौरी, माछा, आदि पशुपंक्षी पालक

कृषकहरुलाई प्रोत्साहित गरिएको छ । नेपालकै प्रसिद्ध रुरुक्षेत्र धामको विकासका लागि गुरुयोजना निर्माण गरी कार्य प्रारम्भ भएको छ । श्रीङ्गेश्वर धाम बलेटक्सारलाई धार्मिक पर्यटकिय स्थलको रुपमा विकास गर्दै लगिएको छ । बम्घा कोटको मन्दिर कलात्मक रुपमा नयाँ निर्माण भैरहेको छ । साथै बम्घा कोटलाई ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिएको छ । ग्वादीको सिद्धबाबा मन्दिरमा यातायातको पहुँच पुग्नुको साथै अचम्मेश्वर मन्दिर पनि धार्मिक स्थलको रुपमा विकास भएको छ ।

गाउँपालिकाको खेल मैदान निर्माण भएको छ । सभा हलको संरचना तयार भएको छ । ५ नं. वडा कार्यालय निर्माण सम्पन्न भएको छ । ३ नं. वडामा वडा कार्यालय भवन निर्माणको कार्य भैरहेको छ भने वडा नं. २ र ६ को वडा कार्यालय भवन आर्थिक वर्ष २०७७/०७८ मा निर्माण हुने क्रममा रहेको छ । बलेटक्सार स्वास्थ्य चौकी भवन निर्माण कार्य यसै आर्थिक वर्षमा शुरु भैसकेको छ । ग्वादी स्वास्थ्य चौकीको भवन निर्माण कार्य आगामी आर्थिक वर्षमा  निर्माण गरिने छ । गाउँपालिकाको भवन निर्माणको प्रक्रिया आगामी आर्थिक वर्षमा प्रारम्भ गरिने छ ।

आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा सूचीकृत स्थानीय तहका अधिकार क्षेत्रहरु, संविधानमा व्यवस्था गरिएका मौलिक हकहरु एवं राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनलाई  आधार मानी देहायका नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

## सामाजिक विकास नीति

क) शिक्षा नीति

१. स्थानीय श्रोतका निजी शिक्षकहरुको तलवका लागि विद्यालयको आवश्यकता र औचित्यको आधारमा सेलरी PCF उपलव्ध गराइने छ ।

२. कक्षा ३, ५ र ८ को गाउँपालिका स्तरीय परीक्षा प्रभावकारी ढंगले संचालन गरिने छ।

३. विभिन्न अतिरिक्त क्रियाकलाप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरिने छ ।

४. विद्यालय समायोजन, सिकाईको स्तर र विद्यार्थी संख्या न्यून भएका विद्यालयवाट कक्षा घटाउने नीतिलाई निरन्तरता दिइने छ ।

५. विद्यालय बस संचालनको खर्च स्वयं विद्यालयवाट व्यहोर्ने प्रतिवद्धता जनाउने माध्यमिक विद्यालयलाई लागत साझेदारीमा बस खरिद गर्न अनुदानको व्यवस्था गरिने छ ।

६. विद्यालयको पठनपाठन लगायत सम्पूर्ण क्षेत्रको जिम्मेवारी वहन र पारदर्शिताका लागि प्रत्येक वडाका लिडर माध्यमिक विद्यालयहरुमा सार्वजनिक सुनुवाईका कार्यक्रमहरु संचालन गरिने छ ।

७. विद्यार्थीहरुमा नैतिक आचरण तथा अनुशासन कायम गर्नका लागि सबै माध्यमिक विद्यालयहरुमा स्काउट शिक्षाको व्यवस्था गरिने छ ।

८. स्थानीय पाठ्यक्रम तयारीको कार्य यस आर्थिक वर्षमा शुरु भैरहेको र तदनुरुप पाठ्यपुस्तकको विकास गरी आगामी शैक्षिक वर्ष देखि स्थानीय पाठ्यक्रम/पाठ्यपुस्तक लागु गरिनेछ ।

९. शिक्षकहरुको दक्षता अभिवृद्धिका लागि तालिमका कार्यक्रमहरु संचालन गरिने छ ।

१०. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्षहरु बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

११. कार्य सम्पादनको आधारमा शिक्षकहरुलाई पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

१२. अटिजम लगायत बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि सिकाई र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिने छ ।

१३. शिक्षक छनौट र नियुक्तिको लागि रोष्टर छनौट तथा प्रश्नबैंक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१४. संस्कृत शिक्षालाई आकर्षित गर्नको लागि उपयुक्त नीति अवलम्वन गरिनेछ ।

१५. विद्यालयमा अध्ययनरत आधारभूत तथा माध्यमिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड उपलब्ध गराइनेछ ।

१६. बालमैत्री गाउँपालिकाको अवधारणा तर्फ शैक्षिक क्रियाकलाप उन्मुख हुनेछ ।

१७. कोभिड–१९ बाट शिक्षाक्षेत्रमा पर्न गएको असरलाई न्यूनीकरण गर्नको लागि वैकल्पिक शिक्षा लगायतका उपयुक्त नीति अवलम्वन गरिनेछ ।

ख) स्वास्थ्य नीति

१. सवै स्वास्थ्य चौकीमा प्रत्येक २ महिनामा ल्याव र थप औषधी सहित डाक्टरहरुको सेवालाई निरन्तरता दिइने छ ।

२. गर्भवती महिलाहरुलाई आईरन चक्कीको साथै क्याल्सियम समेत निशुल्क उपलव्ध गराइएकोमा उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

३. सुत्केरी हुने महिलाहरुलाई गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा रहेका वर्थिङ्ग सेन्टर सम्म निशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराइएकोमा उक्त सेवालाई आगामी वर्षमा पनि निरन्तरता दिइने छ ।

४. रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १, रुरुमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ सैयाको सुविधा सम्पन्न अस्पताल वनाउने कार्यलाई कार्यान्वयन गर्न पहल गरिने छ।

५. आरोग्य शिविर तथा योग शिविरहरु संचालन गरिने छ ।

६. स्त्रीरोगका साथै अन्य स्वास्थ्य परीक्षण सम्वन्धी शिविर संचालन गरिने छ ।

७. स्वास्थ्य चौकीहरुमा ल्याव व्यवस्थापन तथा वर्थिङ्ग सेन्टर स्थापना गर्ने कार्यलाई विस्तार गर्दै लगिनेछ ।

८. स्वास्थ्य विमा कार्यक्रम यसै वर्ष देखि संचालन शुरु भैसकेकोमा थप व्यवस्थापनका साथ प्रभावकारी रुपमा संचालन गरिनेछ ।

९. कोभिड–१९ रोकथाम र नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाइने छ । क्वारेन्टीन र आइसोलेसन कक्षहरु आवश्यकता अनुसार थप गर्ने व्यवस्था गरिनेछ ।

१०. आयुर्वेद उपचार प्रणालीलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

११. पूर्ण खोप सेवालाई सुनिश्चित गरिनेछ ।

ग) खानेपानी तथा सरसफाई नीति

१. निर्माणाधिन लिफ्टिङ खानेपानीका योजनाहरु सम्पन्न गरिने छ ।

२. नयाँ खानेपानी आयोजना संचालन तथा संभाव्यता अध्ययन गरिनेछ ।

३. बजार क्षेत्रका डम्पिङ साइटहरुलाई व्यवस्थित गरिने छ ।

४. सरसफाई कार्यक्रमहरुलाई प्रभावकारी वनाईने छ ।

५. फोहरमैला व्यवस्थापनलाई जोड दिईने छ ।

६. बजार क्षेत्रको फोहर व्यवस्थापनको लागि स्थानीय बासीसँग साझेदारीमा कार्य संचालन गरिनेछ ।

७. बजारक्षेत्रमा रहेका कामनलाग्ने कवाडी सामानहरुको उचित व्यवस्थापन गरिनेछ ।

८. बजारक्षेत्र र घनावस्ती भएका स्थानहरुमा ढल निकासको उचीत प्रबन्ध गर्ने नीति लिइनेछ ।

९. नेपाल सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको वास योजना तयार गरी कार्यान्वयनमा लगिने छ ।

घ) महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी नीति

१. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्न वडास्तरीय सचेतनामूलक कार्यक्रम सन्चालन गरिने छ ।

२. ७० वर्ष नाघेका गाउँपालिकाभित्रका जेष्ठ नागरिकको लागि स्वास्थ्य संस्थाहरुमा उपलब्ध सवै सेवा, परीक्षण तथा औषधोपचार पूर्णरुपमा निशुल्क गरिने छ ।

३. बाबु आमा नभएका अनाथ, संरक्षणबाट बञ्चित बालबालिकाहरुको संरक्षणको लागि विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

४. बाल अधिकार सम्बन्धी चेतना अभिबृद्धि गराउने कार्यक्रमहरु संचालन गरिनेछ ।

५. किशोरी तथा महिलाहरुको लागि आत्मरक्षा तालिम संचालन गरिनेछ ।

६. विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच पुऱ्याइनेछ ।

७. विभिन्न समुदायमा परम्परा देखि चलि आएका जात्रा, पर्व, धार्मिक स्थल, कला संस्कृतिको संरक्षण र संबर्द्धन गरिनेछ ।

८. महिला, आदिवासी जनजाति, युवा, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी विभिन्न शीपमूलक तथा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम एवं सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

ङ) युवा तथा खेलकुद नीति

१. युवाहरुलाई व्यवसायीक सीपमुलक तालिमको माध्यमवाट स्वरोजगारीका लागि प्रोत्साहित गरिने छ ।

२. वडाहरुमा भलिबल कोर्ट एवं कभर्डहल निर्माण तथा खेलकुद पूर्वाधार विकास गर्दै लगिने छ ।

३. युवाहरुले संचालन गर्ने खेलकुदका कार्यक्रमहरुलाई अनुदानको व्यवस्था गरिने छ ।

४. युवा क्लवहरु मार्फत संचालन हुने श्रृजनात्मक तथा रचनात्मक कार्यलाई सहयोग गर्ने नीति अपनाइने छ ।

## आर्थिक विकास नीति

क) कृषि तथा पशु विकास नीति

१. व्यवसायिक कृषक, कृषक समूह तथा कृषक सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिने छ ।

२. कृषि यन्त्र उपकरण तथा औजारहरुमा अनुदानको व्यवस्था गरिने छ ।
३. कृषकहरुलाई तालिमको व्यवस्थाका साथै कृषक पाठशालाहरु संचालन गरिने छ ।
४. पशुपालक किसानलाई प्रोत्साहित गरिने छ । वोयर जातका वाख्रा पालन कार्यक्रमलाई विस्तार गरिने छ ।
५. अति विपन्न वर्गलाई वाख्रा र स्थानीय जातका कुखुरा पालन कार्यक्रममा अनुदानको व्यवस्था मिलाईने छ ।
६. कृषिक्षेत्रको गुरुयोजना अनुसार पहिचान भएका कृषि पकेट क्षेत्रहरु अनुसार कृषि तथा पशुपालन कार्यक्रमहरु संचालन गरिनेछ ।
७. व्यवसायिक कृषकहरुलाई गोठ सुधार/खोर सुधार तथा अन्य कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ ।
८. कृषि बाली र पशुपंक्षीको विमा गर्नको लागि कृषकहरुलाई प्रोत्साहन गरिने छ ।
९. कृषि उत्पादनका आधारमा कृषकहरुलाई प्रोत्साहन गरिने छ ।
१०. प्रत्येक वडाका पायक पर्ने स्थानहरुमा कृषि उपज संकलन केन्द्र निर्माण गरिने छ ।
११. बलेटक्सार र रिडी बजारक्षेत्रमा साप्ताहिक हाटबजार संचालन गरिनेछ । यसको लागि यस क्षेत्रमा रहेका उद्योग बाणिज्य संघ, कृषक सञ्जाल तथा कृषक सहकारी संस्थाहरुसँग सहकार्य र समन्वय गरिनेछ ।
१२. रासायनिक मल सुलभ तरिकाले कृषकहरुलाई उपलब्ध गराउन सहकारी संस्थाहरुलाई जिम्मेवार बनाइनेछ ।
१३. गह्वासुधार कार्यक्रमलाई प्रोत्साहित गर्दै निरन्तरता दिइनेछ ।
१४. कृषक, कृषि सहकारी तथा कृषक समूहसँगको सहकार्यमा प्रत्येक वडामा एउटा नर्सरी विकास गरिने छ ।
१५. कृषि तथा पशु विमा कार्यक्रम लागु गर्न आवश्यक समन्वय, सहजिकरण र अभिमुखिकरण गरिनेछ ।

१६. पशु नश्ल सुधारलाई प्रोत्साहन गरिनेछ ।

१७. कोभिड–१९ का कारण रोजगारी गुमाएका र वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई लक्षित गरी कृषि क्षेत्रमा स्वरोजगार बनाउने नीति अवलम्वन गरिनेछ ।

ख) बैंक, वित्तीय संस्था तथा सहकारी सम्बन्धी नीति

१. बैंक तथा वित्तीय संस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२. सहकारी शिक्षामार्फत प्रत्येक परिवारलाई सहकारी संस्थामा आवद्ध गर्ने नीति लिइनेछ।

३. कार्यक्षेत्र भित्रका योग्य सदस्यहरुलाई सम्बन्धित सहकारी संस्थाहरुमा सदस्य बनाई सहकारीमा सदस्य विस्तारको नीति लिइनेछ ।

४. छरिएर रहेका, एउटै प्रकृतिका, एक सय भन्दा कम शेयर सदस्य रहेका सहकारी संस्थाहरुलाई एकीकरण गरिनेछ ।

५. गाउँपालिका भर कार्यक्षेत्र रहेको, व्यवस्थापन पक्ष बलियो भएको कृषि सहकारी संस्थालाई प्रस्तावको आधारमा कृषिउपज संकलन तथा बजारिकरणका लागि आवश्यक सवारी साधनको लागि अनुदानको व्यवस्था गरिनेछ ।

६. सहकारी संस्थाका संचालक, लेखासमितिका पदाधिकारी तथा व्यवस्थापकहरुलाई लेखा व्यवस्थापन, सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिम लगायतका तालिम संचालन गरी क्षमता अभिबृद्धि गरिनेछ ।

ग) उद्योग तथा बाणिज्य नीति

१. कृषिमा आधारित साना घरेलु उद्योगलाई प्रोत्साहित गरिनेछ ।

२. गुणस्तर, नापतौल तथा मूल्यमा एकरुपता कायम गर्न प्रशासन र उद्योग बाणिज्य संघसँग समन्वय गरिनेछ ।

३. पसलहरुमा अनिवार्य रुपमा उपभोक्ताहरुले देख्नेगरी मूल्यसूची राख्ने व्यवस्था गरिने छ।

४. गुणस्तरीय र सुलभ बजारको लागि उपभोक्ता सचेतना अभिवृद्धि कार्यक्रम संचालनको साथै बजारको नियमित अनुगमन र नियमन गरिने छ।

५. मदिरा तथा सूर्तजन्य पदार्थ बेचविखन तथा नियन्त्रण सम्बन्धी कार्यविधि, २०७६ लाई प्रभावकारी ढंगले कार्यान्वयन गरी मदिरा तथा सूर्तजन्य पदार्थ बेचविखन र सेवन कार्यलाई नियन्त्रित र व्यवस्थित गरिनेछ ।

घ) पर्यटन नीति

१. रिडीको धार्मिक तथा पर्यटकीय विकासको लागि तयार गरिएको गुरुयोजना र DPR अनुसारको कार्य संचालन गर्न विशेष पहल गरिनेछ ।

२. बम्घाकोटको पर्यटकीय विकासका लागि बन्ने गुरुयोजना अनुसारको कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

३. श्रीङ्गीश्वरधामको पर्यटकीय विकासको लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

४. अन्य सम्भाव्य पर्यटन स्थलहरुको पहिचान र विकास गरिनेछ ।

ङ) रोजगारी सम्बन्धी नीति

१. सीपमूलक तालिम, व्यवसायजन्य तालिमको माध्यमबाट रोजगार तथा स्वरोजगार सृजना गर्ने खालका कार्यक्रम संचालन गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३. विदेशबाट फर्केका बेरोजगार युवाहरुलाई रोजगार सुचना केन्द्रमा सूचीकृत गरी कामका लागि पारिश्रमिक आयोजनाहरुको काममा लगाइनेछ ।

४. विशेष सीप र दक्षता भएका युवाहरुलाई उनीहरुको सीप/दक्षता अनुसारको काम पाउने अवस्था सृजना गर्ने तर्फ पहल गरिने छ ।

५. बाँझो जग्गामा कृषकसँग सम्झौता गरी कृषिकार्य गर्न बेरोजगार व्यक्तिहरुलाई आकर्षित गरिनेछ ।

## पूर्वाधार विकास नीति

क) सडक नीति

१. वडा कार्यालय र गाउँपालिकाको केन्द्र सम्म जाने मुख्य सडकहरु क्रमशः स्तरोन्नति गरिने छ । यस्ता सडकहरु सडक मापदण्ड अनुसार निर्माण विस्तार गर्ने नीति लिइनेछ ।

२. सबै वडाहरुमा रहेका मुख्य सडकहरु बाह्रै महिना संचालन गर्ने नीति लिइनेछ ।

३. गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुलाई ग्रेडिङ (Grading) गर्ने मापदण्ड तयार गरी कार्यक्रम सहित कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिकामा आगामी आर्थिक वर्ष देखि अत्यावश्यक बाहेक नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ । निर्मित सडकहरुलाई व्यवस्थित गर्ने, चौडा गर्ने, नालिको व्यवस्था गर्ने, ग्राभेल गर्ने र पिच गर्ने नीति लिईने छ ।

५. सडक गुरुयोजना निर्माण गरी सडक निर्माण कार्य अगाडि बढाइनेछ ।

६. सडकको मापदण्ड अनुसार निर्माण भएका सडकहरुमा क्रमशः नालीको व्यवस्था गरिनेछ । नयाँ निर्माण हुने सडकहरुमा अनिवार्य रुपमा नालिको व्यवस्था गर्ने नीति लिइनेछ ।

७. गाउँपालिकाभित्रका गौरवका आयोजनाहरुको छनौट गरी क्रमागत रुपमा सम्पन्न गर्दै लगिनेछ ।

८. कालोपत्रे सडक तथा अन्य सडकहरु प्रचलित कानून अनुसार निर्माण गर्ने नीति लिइनेछ ।

९. खोला तथा नदीहरुमा आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण गरिनेछ ।

ख) सिंचाई नीति

१. साना सिंचाई आयोजनाहरुलाई सिंचाई कुलोको मर्मत संभार र नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको कार्यन्वयनमा जोड दिइने छ ।

२. गाउँपालिकाले निर्धारण गरेको कृषि पकेट क्षेत्र र ब्लकहरुमा समूचीत सिंचाईको प्रबन्ध गर्ने नीति लिइनेछ ।

३. मझौला र ठूला सिंचाई योजना निर्माणको लागि सिंचाई डिभिजन कार्यालय, प्रदेश सरकार र नेपाल सरकार समक्ष पहल गरिनेछ ।

४. सिचाई सुविधा पुगेको खेती योग्य जमीन बाँझो राख्न नपाइने नीति लिईने छ ।

ग) उर्जा सम्बन्धी नीति

१. उर्जाको प्रयोग तथा खपत बृद्धि गर्ने नेपाल सरकारको नीतिलाई अवलम्वन गरिनेछ ।

२. विद्युतीय क्षेत्रमा देखिएका समस्यालाई निराकरण गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।

३. गाउँपालिकामा रहेका काठका पोल हटाई स्टीलका पोल विस्तार गर्ने कार्यलाई निरन्तरता दिई सो को लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ ।

४. विद्युत लाइनको क्षमता बृद्धि तथा स्तर विकासको लागि नेपाल विद्युत प्राधिकरण सँग समन्वय र सहकार्य गरिनेछ ।

५. गाउँपालिकाको बजार क्षेत्रमा संचालित सौर्य सडक बत्तीको दिगोपनाको निमित्त बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ ।

६. सामुदायिक विद्युतिकरणको दिगो व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

घ) भवन तथा शहरी विकास नीति

१. गाउँपालिकाभित्र निर्माण गरिने भवनको नक्शा पासको लागि अमिन (नापी प्राविधिक) कर्मचारीहरुको व्यवस्था सहित नाप नक्शा शाखाको स्थापना गरिनेछ ।

२. शहरी विकास कार्यक्रमलाई योजनावद्धरुपमा अगाडि बढाइनेछ ।

३. गाउँपालिका भित्र निर्माण हुने नयाँ पक्की घरको नक्शापास गरेर मात्र निर्माण गर्ने र कच्ची घर निर्माणको लागि अनुमती लिनुपर्ने नीतिगत व्यवस्था भैसकेकोमा सो को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिकाभित्र निर्माण भएका सबै घरहरुको लगत तयार गरिनेछ ।

५. जनता आवास कार्यक्रमलाई निरन्तरता दिनको लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

६. भुकम्प पछिको पुन निर्माण कार्यलाई छिटो सम्पन्न गर्न आवश्यक सहजिकरण गरिने छ ।

७. बस्तिविकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ लाई कार्यान्वयन गर्दै लगिनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन नीति

क) जलउत्पन्न प्रकोप नियन्त्रण नीति

१. जल उत्पन्न प्रकोप नियन्त्रणको लागि सबै सर्बसाधारण जनता समक्ष सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा रहेका बस्तिको संरक्षणको लागि आवस्यक कार्य गरिनेछ ।

ख) वन, वातावरण तथा भू–संरक्षण नीति

१. वातावरणीय प्रदुषण न्यूनीकरणको लागि आवश्यक कार्य गरिनेछ ।

२. वन उपभोक्ता समूहलाई प्रभावकारी र गतिशिल बनाइनेछ । सामुदायिक वन उपभोक्ता समितिको काम कारवाहीलाई पारदर्शी, मितव्ययी र जवाफदेही बनाइनेछ । सबै वन उपभोक्ता समितिहरुलाई गाउँपालिकामा आवद्धता गराइनेछ ।

३. पर्ति, सरकारी खाली जमीनमा बृक्षारोपण गर्न स्थानीय संघ संस्था तथा समुदायहरुसँग सहकार्य गरिनेछ ।

४. बजार क्षेत्रको सरसफाई र ढल नाली व्यवस्थापनको लागि ठोस कार्यक्रम ल्याइनेछ ।

५. ग्रामिण बस्ति सरसफाईको लागि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

६. सडक निर्माणको कारण हुन सक्ने सम्भावित क्षती न्यूनीकरणको लागि जोखिम युक्त क्षेत्रमा तार जाली, ग्याविनवाल निर्माण, नाली व्यवस्थापन लगायतको कार्य गरिनेछ ।

७. बाढी पहिरोको जोखिम युक्त क्षेत्रमा तटबन्ध, ग्याविन वाल निर्माण, वृक्षारोपण लगायतका कार्य गरिनेछ ।

८. पहिरोग्रस्त क्षेत्रबाट हुने पानीको बहाबलाई अन्यत्रबाट बग्ने व्यवस्था गरिनेछ ।

९. विकास निर्माणको कार्य गर्दा वातावरणीय असरको ख्याल गरिनेछ । भौतिक संरचना निर्माण मापदण्ड र भवन संहिता पालना गराउने नीति लिइनेछ ।

ग) जलवायु परिवर्तन नीति

१. जलवायु परिर्वतनबाट पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नको लागि वनजंगलको संरक्षण, पानीको स्रोतको उचित संरक्षण, व्यवस्थापन र वृक्षारोपण लगायतका कार्यक्रम संचालन गरिनेछ ।

२. जलवायु परिवर्तनबाट वातावरणमा परेको असरको बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।

३. खानेपानी मुहान तथा कुवाहरुको अभिलेख तयार गरी उचीत संरक्षण गरिनेछ ।

घ) विपद् व्यवस्थापन नीति

१. विपद् व्यवस्थापन सम्बन्धी नीति, कार्यविधी, मापदण्ड बनाई कार्यान्यन गरिनेछ ।

२. विपद् पूर्व तयारी, खोज तथा उद्धार राहत सामाग्रीको भण्डारण र वितरण गरिनेछ ।

३. विपद् जोखिम न्यूनीकरण सम्वन्धी आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

४. विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ र आवश्यकता अनुसार उक्त कोषको परिचालन गरिनेछ ।

५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि गठन भएका गाउँपालिका तथा वडास्तरीय विभिन्न समिति उप समितिहरुलाई गतिशिल रुपमा परिचालन गरिनेछ ।

६. विपद्को समयमा तत्काल राहत, उद्धारका कार्य गर्नको लागि विभिन्न सरोकारवालाको सहभागितामा एक एक्सन टिम (Action Team) गठन गरिनेछ ।

७. गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

८. प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण धनजनको क्षति पुगेका व्यक्तिहरुलाई गाउँपालिकाबाट उपलब्ध गराइने सहायता छिटो छरितो रुपमा उपलब्ध गराइनेछ ।

९. सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक मात्रामा प्राथमिक उपचार सामाग्री तथा प्राथमिक उपचार तालिम प्रदान गरी तालिम प्राप्त जनशक्ति विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. विपद्को समयमा प्रयोगमा आउने खुला स्थानहरुको पहिचान गरी अभिलेख तयार गरिनेछ ।

११. भारत तथा तेस्रो मुलुक र कोरोना प्रभावित क्षेत्रबाट आउने व्यक्तिहरुलाई क्वारेन्टीनमा राख्ने र उनीहरुलाई खाने बस्ने व्यवस्था गर्ने, स्वास्थ्य जाँच गर्ने, नेपाल सरकारको नीति अनुसार RDT जाँच, PCR परीक्षणका लागि स्वाव संकलनको कार्य भैरहेकोमा उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

१२. कोभिड–१९ को कारण जनमानसमा परेको असरलाई न्यूनीकरण गर्नको लागि मनोसामाजिक परामर्श प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।

१३. गाउँपालिकाका सबै टोल बस्तीहरुमा एम्बुलेन्स, तथा दमकल जानसक्ने गरी सडक व्यवस्थापन गरिनेछ ।

१४. रिडी तम्घास सडकखण्डमा हुनसक्ने दुर्घटनालाई रोक्नको लागि ट्राफिक प्रहरी तथा अन्य सरोकारवालाहरुसँग समन्वय गरी सडक सुरक्षा कार्यक्रम संचालन गरिनेछ ।

१५. विपद् व्यवस्थापनको लागि स्थानीय सघं संस्था, विद्यालय, उद्योग वाणिज्य सघं, स्वास्थ्य संस्था, क्लव लगायत जिल्ला प्रशासन कार्यालय, प्रहरी, सेना, सुरक्षा निकाय समेतसँग सहकार्य गरिनेछ ।

१६. भुकम्प वाढी, पहिरो, महामारी, आगलागी आदिको व्यवस्थापन गर्नका लागि पूर्व तयारी, पूर्व सूचना प्रणाली, खोज तथा उद्दार, राहत सामाग्रीको पूर्व भण्डारण, कोष सन्चालन, वितरण र पूर्नस्थापनाको व्यवस्था गरिने छ ।

१७. प्रकोप, महामारीबाट जनमानसमा पर्नसक्ने हानी नोक्सानी तथा असरको बारेमा सचेतना जगाउन संचार माध्यमबाट निरन्तर रुपमा सूचना प्रवाह गरिनेछ ।

१८. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न सभा, गोष्ठी, प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

ङ) आगलागीबाट सुरक्षा नीति

१. शहर बजार र नगरउन्मुख बस्तीहरुमा हुन सक्ने सम्भावित आगलागीको जोखिमबाट बच्न र क्षति न्यूनीकरणको लागि त्यस्ता जोखिम क्षेत्र/बस्तीहरुमा फायर एक्स्टिङ्गगुइसर जडानको कार्य गरिनेछ ।

२. गाँउ कार्यपालिका, वडा कार्यालयहरु, आवश्यकता अनुसार विषयगत शाखा र स्वास्थ्य संस्थाहरुमा समेत क्रमशः फायर एक्स्टिङ्गगुइसर जडानको कार्य गरिनेछ ।

३. आगलागीबाट जोगिनका लागि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

## संस्थागत विकास, क्षमता अभिबृद्धि र सुशासन नीति

क) राजस्व परिचालन नीति

१. गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिसलाई आधारमानि गाउँकार्यपालिकाको राजस्वका स्रोत, दर र दायरालाई फराकिलो बनाउँदै जाने नीति अवलम्बन गरिनेछ ।

२. आन्तरिक स्रोत तर्फका कर, दस्तुर, शुल्क, महशुल असुली व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।कोभिड-१९ बाट सिर्जित असहज परिस्थितिलाई ध्यान दिई कर, दस्तुर, शुल्कलाई यथावत राखिनेछ ।

३. कोभिड-१९ महामारीका कारण भएको बन्दाबन्दी (LOCK DOWN) ले गर्दा समयमा कर, दसतुर बुझाउन नसकेका व्यवसायी उद्यमीहरुलाई सहुलियत दिइनेछ ।

४. भूमिकर/मालपोत, व्यवसाय कर, बहालकर (घर, जग्गा, सवारी साधन, आदि), सिफारिस दस्तुर, विज्ञापन कर लगायतका कर तथा अन्य स्रोतहरुको लगत अद्यावधिक गर्दै लगिनेछ । र असुली प्रक्रियालाई प्रभावकारी बनाईनेछ ।

५. खेती योग्य जमीन बाँझो राखि खेती नगर्ने जग्गाधनीलाई थप कर, दस्तुर, शुल्क वा जरिवाना लगाइनेछ ।

६. गाउँपालिकाभित्र आन्तरिक आयका स्रोतहरुको पहिचान तथा परिचालन गरी आन्तरिक स्रोत बृद्धि गर्दै जाने नीति लिईनेछ ।

७. कर प्रणालीलाई व्यवस्थित, बैज्ञानिक र पारदर्शी बनाईनेछ ।कर प्रणालीलाई सूचनाप्रविधिसँग आवद्ध गरिनेछ ।

ख) <u>मानव संशाधन विकास नीति</u>

१. गाउँकार्यपालिकामा रहेको स्वीकृत दरबन्दीमा कर्मचारी पदपूर्तिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लोकसेवा आयोगसँग समन्वय गरी रिक्त पद पूर्ति हुने व्यवस्था मिलाईनेछ ।

२. गाउँकार्यपालिकामा कार्यरत रहेका कर्मचारीहरुको सेवा सुविधा नेपाल सरकार र प्रदेश सरकारको नीति बमोजिम कायम गरिनेछ । सेवा प्रवाहको आवश्यकता र औचित्यका आधारमा कुनै क्षेत्र/निकायमा थप कर्मचारी अत्यावस्यक भएमा कानूनको परिधीभित्र रही सेवाकरारमा कर्मचारी लिईनेछ ।

३. जनप्रतिनिधी र कर्मचारीहरुको सीप, दक्षतामा अभिबृद्धि गर्नको लागि आवस्यकता अनुसार तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

४. कर्मचारीहरुलाई कार्यप्रेरणा जगाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण निर्माण गरिने छ । यसको लागि कार्यबोझको आधारमा थप सुविधाको व्यवस्था गरिनेछ ।

५. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा गाउँपालिकाबाट पुरस्कृत गरिनेछ ।कार्य सम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अवलम्वन गरिनेछ ।

६. विषयगत समितिलाई प्रभावकारी बनाउन तालिमको व्यवस्था गरिनेछ ।

ग) <u>सामान्य सेवा व्यवस्थापन नीति</u>

१. गाउँकार्यपालिकाको प्रशासन व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ ।

२. कार्यसम्पादन प्रणालीलाई पारदर्शी, उत्तरदायी, मितव्ययी र छिटो छरितो बनाईनेछ ।

३. कार्यसम्पादनको लागि आवश्यक थप नीति, नीयम, कानूनहरुको तर्जुमा गरिनेछ ।

४. क्षेत्रगत नीति, रणनीति तथा आवधिक योजना र आवश्यकता अनुसार गुरुयोजना तर्जुमा गरिनेछ ।

५. सुचना प्रविधिको प्रयोगलाई व्यापक बनाईनेछ । सबै वडाकार्यालयहरुमा भरपर्दो इन्टरनेट सुविधाको व्यवस्था गरिनेछ ।

६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण गत आर्थिक वर्ष देखि नै अनलाइन सिस्टममा राखिएकोमा यसलाई अद्यावधिक गर्दै लगिनेछ । व्यक्तिगत घटना दर्ता विवरण यसै आर्थिक वर्षदेखि सबै वडामा अनलाइन सिस्टममा सुचारु गरिएकोमा उक्त कार्यलाई अझ व्यवस्थित गर्दै निरन्तरता दिइनेछ ।व्यक्तिगत घटना दर्ताको पुरानो अभिलेखलाई अनलाइन सिस्टममा अपलोड गर्दै लगिनेछ ।

७. सबै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुबाट सम्पादन हुने काम कारवाहीहरुको एकीकृत रुपमा गाउँपालिकाबाटै एउटै सर्भरबाट नियन्त्रण र अनुगमन हुने व्यवस्था गरिनेछ । यसको लागि सबै वडाकार्यालय र विषयगत शाखाहरु गाउँकार्यपालिकाको नेटवर्किङ्ग सिस्टममा ल्याइनेछ ।

८. नागरिक वडापत्र तयार गरी डिजिटलाइज्ड (Digitalized) गरिएकोछ । यसलाई थप प्रभावकारी बनाइनेछ ।

९. गाउँपालिकामा सचालनमा ल्याइएको Digital Notice Board लाई थप सूचनामूलक र वैज्ञानिक बनाइनेछ ।

१०. विद्युतिय हाजिरीलाई थप प्रभावकारी र व्यवस्थित बनाउन सबै स्वास्थ्य चौकीहरुमा यसै वर्ष विस्तार गरिएकोमा विद्यालय सम्म विस्तार गर्ने नीति लिइनेछ ।

११. स्वीकृत कानून, कार्यविधी, मापदण्डहरू पुस्तकका रुपमा प्रकाशन गरी आवश्यकता अनुसार उपलब्ध गराइनेछ ।

१२. कार्यालय व्यवस्थापनको लागि आवश्यक फर्निचर, मेशीनरी औजार, उपकरणको व्यवस्था गर्नुका साथै डाटा बेसलाई व्यवस्थित गर्नको लागि आवश्यक पर्ने थप सफ्टवेयरहरु खरिद गरी प्रयोग गरिनेछ ।

१३. प्राविधिक कर्मचारीहरुको लागि आवश्यक उपकरणहरु खरिद गरिनेछ ।

१४. सबै प्रकारका बेरुजुलाई घटाउँदै लगि शुन्य बेरुजु बनाउने नीति लिइनेछ । गत विगत वर्षका बेरुजु फछ्र्यौटको लागि प्रभावकारी रुपमा कार्य गरिनेछ ।

१५. आर्थिक कारोवार मितव्ययी र पारदर्शी ढंगले संचालन गरिनेछ ।

१६. गाउँपालिकाभित्रका सार्वजनिक तथा पर्ति जग्गाहरुको पहिचान गरी संरक्षण गरिनेछ । साथै उक्त जग्गाको अतिक्रमण गर्नेहरुलाई दण्डित गरिनेछ ।

१७. आयोजनाहरुको गुणस्तरीय र प्रभावकारी रूपमा समयमा नै सम्पन्न गर्नको लागि सबै वडाहरुमा प्राविधिक कर्मचारीको व्यवस्था गरिनेछ ।

१८. व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सर्वसुलभ बनाउन आवश्यकता अनुसार घुम्ती दर्ता शिविर संचालन गरिनेछ ।

१९. बोलपत्र मार्फत संचालन गरिएका विकास निर्माण कार्यहरु विद्युतीय बोलपत्र मार्फत गरिएकोमा उक्त कार्यलाई निरन्तर रुपमा संचालनमा ल्याइनेछ ।

२०.सबै आयोजनाका उपभोक्ता समितिहरुलाई तालिमको व्यवस्था गरिनेछ ।उपभोक्ता समिति मार्फत संचालनहुने आयोजनाहरुमा समितिलाई थप जिम्मेवार बनाइनेछ । निर्माण सम्पन्न भएका आयोजनाहरुलाई क्रमशः समितिलाई हस्तान्तरण गर्दै लगिनेछ।

घ) <u>संस्थागत क्षमता विकास नीति</u>

१. कार्यालयको भौतिक पूर्वाधार विकासको लागि गाउँपालिका कार्यालय भवन निर्माणको प्रक्रिया शुरु गरिनेछ ।५ नं. वडाकार्यालय भवन निर्माण सम्पन्न भैसकेको छ । ३ नं. वडा कार्यालय भवन निर्माण शुरु भैसकेको छ । अन्य वडा कार्यालयहरुको भवन पनि क्रमशः निर्माण गर्दै लगिनेछ ।

२. विद्युतको भरपर्दो आपूर्तिको लागि सौर्यउर्जा वा इन्भर्टर जडानको कार्य गत वर्ष रुरु प्राथमिक स्वास्थ्य केन्द्रमा जडान गरिएकोमा यस वर्ष गाउँपालिका र बम्घा स्वास्थ्य चौकीमा जडान सम्पन्न गरिनेछ। साथै अन्य कार्यालयहरुमा पनि क्रमशः जडान गर्दै लगिनेछ ।

ङ) <u>सुरक्षा व्यवस्थापन नीति</u>

१. गाउँपालिका परिसर र मुख्य बजार क्षेत्रमा सिसि क्यामरा जडान गरिनेछ ।

२. गाउँपालिका केन्द्रमा प्रहरी चौकी स्थापनाको लागि आवश्यक पहल एवं समन्वय गरिनेछ ।

३. कार्यालयको सुरक्षा व्यवस्था भरपर्दो बनाउनको लागि आवश्यक व्यवस्था गरिनेछ । गाउँपालिकाको सुरक्षा व्यवस्था तथा सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन नगर प्रहरीको व्यवस्था गरिनेछ ।

४. गाउँपालिकाभित्र आन्तरिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन स्थानीय प्रहरी कार्यालयसँग सहकार्य र समन्वयात्मक रुपमा कार्य गरिनेछ । आवश्यकता अनुसार जिल्लाका सुरक्षा निकायहरुसँग पनि समन्वय गरिनेछ ।

५. स्थानीय संघ संस्था, क्लब, नागरिक समाज, राजनीतिक दल, महिला समूह, आदिसँग रचनात्मक क्रियाकलाप संचालन गरिनेछ ।

च) स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन नीति

१. कार्यालयको डाटाबेसलाई व्यवस्थित गरी सबै अभिलेखलाई कम्प्युटर प्रणालीमा अभिलेखिकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२. कार्यालयमा रहेका सफ्टवेयर र वेवसाइटलाई अद्यावधिक राखिनेछ ।ऐन, कानून, कार्यविधि, सूचना लगायतका सरोकारका सबै सूचनाहरुलाई कार्यालयको वेवसाइटमा राखिनेछ ।

३. गाउँपालिकाको पार्श्वचित्र (Village Profile) अद्यावधिक र परिमार्जन गरी प्रकाशन गरिनेछ ।

४. अभिलेख व्यवस्थापनलाई भरपर्दो र प्रभावकारी बनाइनेछ ।

छ) सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नीति

१. सार्वजिनक निकायबाट भए गरेका कार्यहरुको जनताले प्रत्यक्षरुपमा जान्न बुझ्न पाउने अधिकारलाई सुनिश्चित गर्दै आगामी आर्थिक वर्षको प्रत्येक चौमासिक अवधिमा सार्वजनिक सुनुवाई गरिनेछ ।

२. गाउँकार्यपालिका/वडाहरुबाट संचालन हुने आयोजनाहरुको आयोजनास्थल वा सम्बन्धित वडाकार्यालयमा उपभोक्ता, नागरिक समाज, सरोकारवाला सबैको सहभागितामा सार्वजनिक परीक्षण गरिनेछ ।

ज) <u>अनुसन्धान तथा विकास नीति</u>

१. गाउँपालिका क्षेत्रको समन्वयात्मक र सन्तुलित विकासको लागि क्षेत्रगत नीति, रणनीति, गुरूयोजनाको आवश्यकता पर्दछ । त्यसैले गत आर्थिक वर्षमै कृषिक्षेत्रको वृत्तचित्र र रणनीति तयार गरिसकिएकोमा आगामी आर्थिक वर्षमा सडक, उर्जा, आवास, आदि क्षेत्रको अध्ययन, विश्लेषण गरी गुरूयोजना तयार गरिनेछ । यसको लागि आवश्यकता अनुसार विज्ञ/परामर्शदाताहरुबाट परामर्श सेवा लिइनेछ ।

अन्त्यमा यस नीति तथा कार्यक्रम तयार गर्नेक्रममा आफ्ना अमूल्य सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरु, विभिन्न संघ संस्था तथा पत्रकारहरुप्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।